## आफ्नो अधिकार थाहा पाउनुहोस:

## अनुदानित आवासको खोजीमा रहेका घरेलु हिंसापिडितहरु विरुद्ध अवैध भेदभाव

**प्राय जसो अनुदानित आवास प्रदायकहरूले तपाईंलाई हिंसाबाट बचेकै आधारमा आवास अस्वीकार गर्नु अवैध हो।**

महिला हिंसा बिरुद्ध ऐन (द भायोलेन्स अगेन्स्ट वोमेन एक्ट VAWA - भावा) एक संघीय कानुन हो जसले प्राय जसो आवास प्रदायकहरूलाई ***घरेलु हिंसा, डेटिंग हिंसा, यौन हिंसा र पीछा गर्ने*** बाट बचेकाहरुलाई पिडित[i] भएकै आधारमा आवास अस्वीकार गर्नबाट प्रतिबन्ध लगाउँछ। भावा अन्तर्गत, सबै लिंग र लैंगिक पहिचान[ii] भएका, हिंसाबाट बाँचेकाहरू विरुद्ध भेदभाव गर्न अवैध छ।

**कुन आवास प्रदायकहरूलाई VAWA अन्तर्गत हिंसाबाट बचेकाहरूलाई भेदभाव गर्न अनुमति छैन?**

VAWA ले निम्न आवास कार्यक्रममा आवास प्रदायकहरुलाई हिंसा पिडितहरु बिरूद्ध भेदभाव गर्न अवैध बनाउँछ:

- सार्वजनिक आवास
- धारा ८ परियोजना आधारित आवास
- धारा ८११ अशक्त मानिसहरूका लागि आवास
- ग्रामीण विकास (RD) बहु-परिवार आवास
- कमआय आवास कर क्रेडिट (LIHTC) आवास
- एड्स भएका व्यक्तिहरूको लागि आवास अवसरहरू (HOPWA)[iii]
- धारा ८ आवास छनौट भौचर कार्यक्रम
- धारा २०२ वृद्धहरूका लागि आवास
- धारा २३६ बहु-परिवार भाडाको आवास
- होम (HOME)
- म्याकिन्नी-भेन्टो ऐन बेघर कार्यक्रमहरु[1]
- सेक्शन २२१ (d) (३ ) बजार भन्दा निम्न ब्याज दर (BMIR)

हाम्रो सल्लाह पाना आफ्नो अधिकार थाहा पाउनुहोस : सुपथ आवास को सहयोगमा तपाई कस्तो प्रकारको अनुदानित आवास हेर्दै हुनुहुन्छ भन्ने कुरा पत्ता लगाउनु होस।

**VAWA ले कसरी हिंसाबाट बाँचेकाहरूलाई सुपथ आवास खोज्न मद्दत गर्न सक्छ?**

VAWA ले हिंसाबाट बचेकाहरुलाई, उनीहरु पिडित[iv] भएकै आधारमा माथि उल्लेख गरिएका आवास प्रदायकहरूद्वारा उनीहरुलाई आवास अस्वीकार गर्न अवैध बनाई पिडितलाई सुपथ आवास भेटाउन सहयोग गर्दछ। उदाहरणका लागि, यदि घरेलु हिंसाकै कारणले एक पिडित आफु बसिरहेको अपार्टमेन्टबाट निकालिन्छ भने, ऊ निकलिएकै आधारमा एक योग्य आवास प्रदायकद्वारा उसलाई आवास अस्वीकार गर्नु अवैधानिक मानिन्छ। हिंसाबाट बच्नेलाई घरबाट निकलिएकै आधारमा आवास अस्वीकार गर्नु भनेको पिडित बिरूद्ध भेदभाव गर्नु हो।

अझ, भाडा तिर्नको लागि पाउने सहयोग रकम र सुपथ आवासमा प्रवेश कसले पाउने भन्ने निर्णय लिँदा आवास प्रदायकहरूले हिंसाबाट बचेका र उनीहरूका परिवारलाई प्राथमिकता दिन सक्दछन्।[v]

**१. आवास प्रदायकलाई आफू हिंसाबाट बचेको कुरा भन्नु होस्।**

तपाईले VAWA द्वारा सुरक्षा पाउनको लागि आफू घरेलु हिंसाबाट बचेको स्थितिको बारेमा खुलाउनु पर्ने हुन्छ। एक योग्य आवास प्रदायकले तपाई हिंसाबाट बच्नु भएको हो भन्ने प्रमाण लिन सक्छ। तपाईले आफु हिंसाबाट बचेको हु भन्ने कुरा निम्न मध्ये **तपाईको रोजाईको एक** कागजात उपलब्ध गराएर प्रमाणित गर्न सक्नु हुन्छ। [2]

a) आत्म-प्रमाणीकरण फारम[3]: यो फारम मा तपाइको नाम, तपाई हिंसा बाट बच्नु भएको हो भन्ने जानकारी र तपाइलाई दुर्व्यवहार गर्ने व्यक्तिको नाम (यदि उपलब्द गराउन सुरक्षित छ भने) र दुर्व्यवहार बारे बिस्तृत जानकारी[vi]; अथवा

b) योग्य तेस्रोपक्ष द्वारा चिठी: एक योग्य तेस्रोपक्षद्वारा लेखिएको चिठीमा तपाइले ब्याख्या गरे बमोजिम दुर्व्यवहार भएको भन्ने विश्वास भएको कुरा उल्लेख गर्नुपर्ने छ[vii]। पिडितलाई सेवा प्रदानगर्नेहरु (जस्तै घरेलु वा यौन हिंसा परामर्शदाता), अधिवक्ताहरु र चिकित्सा र मानसिक स्वास्थ्य पेशेवरहरू सबै योग्य तेस्रोपक्षहरु हुन्। त्यो चिठी तपाई र योग्य तेस्रोपक्षद्वारा हस्ताक्षर गरिएको हुनु पर्दछ; अथवा

[1] This includes the Emergency Solutions Grants program, the Continuum of Care program, and the Rural Housing Stability Assistance Program.

[2] If the housing provider receives information from another person, such as your abuser, claiming that you are not a victim of domestic violence, the housing provider may require you provide additional proof that you are a victim of domestic violence. 34 U.S.C. § 12491(c)(7).

[3] Contact your Housing Authority or Local Legal Aid office to find the correct form for you. To locate your local legal aid organization, visit https://www.lawhelpca.org/.



This Information sheet is not providing legal advice and should not replace the advice of an attorney. This resource uses California and Federal law only.
Last updated on 1/11/18. Copyright © Family Violence Appellate Project 2019.

c) प्रहरी, अदालत अथवा प्रशासनिक रेकर्ड: एक पुलिस रिपोर्ट वा निषेधात्मक आज्ञा अथवा अन्य प्रहरी, अदालत, वा प्रशासनिक रेकर्ड जसले तपाई एक हिंसाबाट बचेको भन्ने कुरा देखाउछ र घरेलु हिंसाको कागजातको दस्तावेज एक स्वीकार्य तरीकाको हुनु पर्छ।[viii]

२. **घरेलु हिंसाको कारण तपाईंको आवास आवेदन अस्वीकृत भएको कुरा देखाउनुहोस्।**
तपाईले आवास प्रदायकहरुलाई घरेलु हिंसाकै कारणले उनीहरुले तपाइको आवास अथवा आवास सहायता अस्विकार गरिदिएको भन्ने देखाउनु पर्ने हुन सक्छ।[ix] उदाहरणको लागि, यदि तपाईंलाई विगतमा घरबाट निष्कासन गरिनु घरेलु हिंसाको प्रत्यक्ष परिणाम थियो र तेसैको आधारमा आवास अस्वीकार गरिएको छ भने, तपाइले त्यो निष्कासन कसरी घरेलु हिंसाको परिणामस्वरूप भएको थियो भनेर बुझाउनु पर्ने हुन सक्छ। त्यस्तै यदि तपाईंको आपराधिक रेकर्ड र नराम्रो क्रेडिट हुनु घरेलु हिंसाको प्रत्यक्ष परिणाम थियो र तेसैको आधारमा आवास अस्वीकार गरिएको छ भने, तपाइले कसरी घरेलु हिंसाको परिणामस्वरूप आपराधिक रेकर्ड र नराम्रो क्रेडिट भएको थियो भनेर बुझाउनु पर्ने हुन सक्छ। घरेलु हिंसाकै कारणले आवास अस्विकार भएको देखाउने केहि तरिकाहरू तल उल्लेखित छन्।

- सम्बन्धको व्याख्या गर्दै तपाईंबाट चिठी
- घरेलु हिंसा अधिवक्ताको
- वकिलको चिठी
- अदालतको रेकर्ड, जस्तै निषेधात्मक आज्ञा
- केस म्यानेजर (मामला प्रबन्धक) को चिठी
- मेडिकल रेकर्ड
- बैंक रेकर्ड
- क्रेडिट कार्ड रेकर्ड
- मानसिक स्वास्थ रेकर्ड
- साथी वा परिवारको चिठी
- पूर्व घरधनीको चिठी

३. **हिंसाबाट बचेकै स्थितिको आधारमा तपाइलाई आवास अस्विकार गरिनु अबैधानिक हो भन्ने कुरा आवास प्रदायकलाई जानकारी गराउनुहोस्।**
तपाईंले हिंसाबाट बचेको रूपमा आफ्नो अधिकारको बारेमा आवास प्रदायकलाई शिक्षा दिन आवश्यक हुन सक्छ। तपाईले हाम्रो नमुना चिठी प्रयोग गरि अनुदानित आवास प्रदायकलाई आफ्नो अस्वीकृत भएको आवेदनलाई पुनर्विचार गर्न अनुरोध गर्न सक्नु हुन्छ। यद्यपि, सम्भव छ भने, तपाईको उत्तम विकल्प खोजी गर्न स्थानीय कानूनी सहायता संगठनसँग कुरा गर्नुहोस्। आफ्नो स्थानिय कानुनी सहायेता संगठन पत्ता लगाउन यो https://www.lawhelpca.org/ लिंकमा जानुहोस।

४. **तपाइँको आवास आवेदन अस्वीकार भएकोमा एक अनौपचारिक समीक्षा वा बैठक अनुरोध गर्नुहोस्।**
यदि तपाईंलाई आवास छनौट भौचर, परियोजना आधारित भौचर, वा सार्वजनिक आवासमा प्रवेश अस्वीकृत गरिएको छ भने आवास प्रदायकले तपाईंलाई अस्वीकारको बारेमा अनौपचारिक समीक्षा अनुरोध गर्न दिनु पर्छ।[x] आवास प्रदायकहरूले तपाइँको लागि समीक्षा अनुरोध गर्ने समय सीमित गर्न सक्दछ, त्यसैले समीक्षा अनुरोध गर्ने अन्तिम म्यादहरूको बारेमा आवास प्रदायकलाई सोध्नुहोस्। तपाईंले हाम्रो नमुना चिठी प्रयोग गरेर आवास आवेदन अस्वीकार गरिएकोमा अनौपचारिक समीक्षा अनुरोध गर्न सक्नु हुन्छ। यदि तपाईंलाई सेक्शन २२१ (डि)(३) बीएमआईआर (BMIR) आवास, धारा ८ परियोजना-आधारित सहायता, धारा २०२ वृद्धहरूको लागि आवास, धारा २३६ बहुपारिवारिक भाडा आवास, वा धारा ८११ अशक्त मानिसहरूका लागि आवास अस्वीकृत गरिएको छ भने, तपाइँसँग अस्वीकृतिको लिखितमा विवाद गर्ने अधिकार छ अथवा अस्वीकृति भएको १४ दिन भित्रमा बैठक गरेर छलफल गर्ने अधिकार छ।[xi]

५. **तपाईको कानूनी विकल्प खोजी गर्नुहोस्।**
यदि समाबेस भएका आवास प्रदायकले VAWA को उल्लंघन गर्छ भने, तपाइँसँग यू.एस. फेयर हाउसिंग र समान अवसर विभागमा उजूरी दायर गर्ने र/वा राज्य अथवा संघीय अदालतमा दायेरी पेश गर्ने अधिकार हुन सक्छ। तपाईको उत्तम विकल्प खोजी गर्न स्थानीय कानूनी सहायता संगठनसँग कुरा गर्नुहोस्। आफ्नो स्थानिय कानुनी सहायेता संगठन पत्ता लगाउन यो https://www.lawhelpca.org/ लिंकमा जानुहोस।

**के आवास प्रदायकले मेरो हिंसाबाट बचेको भन्ने स्थिति गोप्य राख्नु पर्दछ?**

हो। साधारणतया, योग्य आवास कार्यक्रमहरुद्वारा तपाइँको हिंसा बाट बचेको स्थिति र तपाइँसँग सम्बन्धित कुनै पनि जानकारीहरु गोपनीय रूपमा राख्न आवश्यक छ।[xii] तपाइको जानकारी साझा गर्न त्यति बेला मात्र मिल्दछ, यदि तपाइले लिखित रुपमा आफ्नो जानकारी खुलाउन सहमति दिनु भएको छ वा यदि तपाइँको जानकारीको खुलासा समाबेस गरिएको आवास कार्यक्रमबाट निष्काशन गर्न वा अन्त्य गर्न आवश्यक छ, वा तपाइँको जानकारीको खुलासा कानूनद्वारा आवश्यक छ। [xiii]

**म कसरी अधिक सहयोग प्राप्त गर्दछु?**

प्रश्नहरुका लागि FVAP एफभीएपीलाई info@fvaplaw.org मा अथवा ५१०-८५८-७३५८ मा सम्पर्क गर्नु होस्।


This Information sheet is not providing legal advice and should not replace the advice of an attorney. This resource uses California and Federal law only.
Last updated on 1/11/18. Copyright © Family Violence Appellate Project 2019.

[i] 34 U.S.C. § 12491(b).

[ii] 34 U.S.C. § 12291(b)(13).

[iii] 34 U.S.C. § 12491(a)(3); 24 C.F.R § 5.2003.

[iv] 34 U.S.C. § 12491(b).

[v] 24 C.F.R. §§ 960.206(b)(4), 982.207(b)(4).

[vi] 34 U.S.C. § 12491(c)(3)(B)(a); 24 C.F.R § 5.2007(b)(1)(i).

[vii] 34 U.S.C. § 12491(c)(3)(B)(b); 24 C.F.R § 5.2007(b)(1)(ii).

[viii] 34 U.S.C. § 12491(c)(3)(B)(c); 24 C.F.R § 5.2007(b)(1)(iii).

[ix] U.S. Dept. of Housing and Urban Develop., Violence Against Women Reauthorization Act of 2013 Guidance, *Notice PIH-2017-08 (HA)* (May 19, 2017).

[x] 24 C.F.R. §§ 960.208(a), 982.554, 983.2.

[xi] HUD Handbook 4350.3: Occupancy Requirements of Subsidized Multifamily Housing Programs 4-9 C 2 b (Nov. 2013).

[xii] 34 U.S.C. § 12491(c)(4); 24 C.F.R § 5.2007(c).

[xiii] *Id*.



This information is not providing legal advice and should not replace the advice of an attorney. This resource uses California and Federal law only.
Last updated on 1/8/19. Copyright © Family Violence Appellate Project 2019